## कार्यपालिका वैठकका प्रस्तावहरु (२०७८/११/२५ गते)

प्रस्ताव नं. १ : गत वैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : विपद् व्यवस्थापन समितिबाट भएका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ : नेपाल आदिवासी जनजाती महासंघको प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं. ४ : नेपाल आदिवासी जनजाती  पत्रकार महासंघको प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं. ५ : समाज कल्याण संघको प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं. ६ : कृषि संकलन केन्द्र भवनको म्याद थप  सम्बन्धमा ।

प्रस्ताव नं. ७ : स्वास्थ्य चौकी भवन निर्माणका लागि सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ : विशेष नगर सभाको मिति सार्ने  सम्बन्धमा ।

प्रस्ताव नं. ९ : योजना संशोधन गरी जिल्ला समन्वय समितिसंग साझेदारी गर्ने  सम्बन्धमा ।

प्रस्ताव नं. १० : मेलम्ची नगर अस्पतालको कोठा मर्मत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ११ : योजना संशोधन गर्ने  सम्बन्धमा ।

प्रस्ताव नं. १२ : निजी आवास संरक्षणको लागि बजेट विनियोजन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १३ : योजना निर्माणको लागि बजेट विनियोजन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १४ : निशुल्क जग्गा प्राप्त गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १५ : सामाग्री खरिद गरी उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. १६ : बजेट रकमान्तर  सम्बन्धमा ।

प्रस्ताव नं. १७ : राष्ट्रिय परिचयपत्र वितरण कार्यक्रममा खटिने कर्मचारीहरुलाई थप सेवा सुविधा  सम्बन्धमा ।

प्रस्ताव नं. १८ : प्रदेश विशेष तथा समपुरक योजना छनौट तथा श्रोत सूनिश्चितता सम्बन्धमा ।

प्रस्ताव नं. १९ : बजेट विनियोजन सम्बन्धमा ।

<u>निर्णयहरु</u>

<u>निर्णय नं. १</u>

मिति २०७८ साल फागुन ९ गतेको कार्यपालिका वैठकबाट भएका निर्णयहरुको आजको यस वैठकमा समीक्षा गरियो।

<u>निर्णय नं. २</u>

मेलम्ची नगरपालिकाको स्थानीय जलवायु अनुकूलन तथा विपद् व्यवस्थापन समितिको मिति २०७८/११/२५ गतेको वैठकबाट सिफारिस भएका देहाय बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

(क) मेलम्ची तथा ईन्द्रावती नदीमा मिति २०७८ साल असार १ गते र त्यसपछि आएको भिषण बाढीबाट मेलम्ची नगरपालिका क्षेत्रको ईन्द्रावती तथा मेलम्ची नदीमा ढुंगा, गिटी लगायतका जोखिमयुक्त नदिजन्य पदार्थहरु थुप्रीन गई नदि तटीय क्षेत्रमा सम्भावित बाढी पहिरोबाट उच्च जोखिम हुन सक्ने भएकोले उक्त नदि क्षेत्रमा थुप्रीएको नदिजन्य पदार्थ उत्खनन् गरि नदीको बहावलाई बाढीको जोखिम अध्ययन गर्नको लागि गठित उच्च स्तरीय अध्ययन समितिले पेश गरेको प्रतिवेदन बमोजिम बाढीबाट प्रभावित र सम्बन्धित उपभोक्ताहरु रहने गरि उपभोक्ता समिति मार्फत मेलम्ची बाढीपिडित राहत तथा पुनर्स्थापना कोषबाट खर्च हुने गरि विभिन्न ५ वटा क्लस्टरहरुमा उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने गरि नदिजन्य पदार्थहरु उत्खनन गरि हटाउनको लागि मिति २०७८ फाल्गुन ९ गतेको कार्यपालिकाको बैठकबाट देहाय बमोजिम निर्णय भएकोमा उपभोक्ता समिति मार्फत गरिने उक्त कार्यको अनुगमन तथा आवश्यक सहजीकरण गर्नका लागि देहाय बमोजिमको सदस्यहरु रहने गरी एक कार्यदल गठन गर्ने तथा कार्यदलको काम, कर्तव्य तथा सेवा सुविधा लगायत अन्य आवश्यक कुराहरु कार्यशर्त (TOR) बमोजिम हुने गरि स्थानीय जलवायु अनुकूलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम अनुमोदन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| क्र.सं. | ईन्द्रावती तथा मेलम्ची नदी भित्रको क्लष्टरको विवरण | विनियोजन बजेट रु |
|---|---|---|
| १ | ईन्द्रावती नदीको डुँडेखोला देखि मेलम्ची दोभानसम्को क्षेत्र, मेनपा १० र ११ | ५०,००,०००।– |
| २ | मेलम्ची नदी तर्फको मेलम्ची दोभान देखि फट्टे पुलसम्मको क्षेत्र , मेनपा ११ | ५०,००,०००।– |
| ३ | मेलम्ची नदीको फट्टे पुल देखि नुहार खोलासम्मको क्षेत्र , मेनपा ११ | ५०,००,०००।– |
| ४ | मेलम्ची नदीको नुहार खोला देखि कर्कले खोल्सा सम्मको क्षेत्र, मेनपा ६ | ५०,००,०००।– |
| ५ | मेलम्ची नदी तर्फ कर्कले खोल्सा देखि तालामाराङसम्को क्षेत्र | ५०,००,०००।– |
| | जम्मा | २,५०,००,०००।– |

कार्यदलको विवरण :

१. श्री कृष्ण प्रसाद चौलागाई, मेनपा-१ , वडाध्यक्ष- संयोजक
२. श्री सुदर्शन लुइँटेल, मेनपा-४, वडाध्यक्ष- सदस्य
३. श्री सम्बन्धित प्रभावित वडाका वडाध्यक्ष ( मेनपा- ६, ७, १०, ११ र १२) – सदस्य
४. सुरक्षा निकाय ( प्रहरी, सशत्र र नेपाल आर्मी)का प्रमुख वा प्रतिनिधि- सदस्य
५. ईन्जिनियर श्री जित बहादुर कार्की- सदस्य
६. अधिकृत (छैठौं) श्री ईच्छाराम सापकोटा- सदस्य
७. वातावरण अधिकृत श्री सुजन दुलाल- सदस्य सचिव

(ख) निर्माणाधिन मेलम्ची प्राथमिक अस्पताल (१५ शैया) निर्माणको क्रममा भौगोलिक जटिलताको कारण अस्पतालको बोलपत्र (Tender) गर्ने समयमा अनुमान गरे भन्दा फरक प्रकृतिको भौगर्भिक अवस्था देखा परेकोले उक्त प्रोटेक्सनको कार्य यस वर्षा अगाडी नगरे पहिरोको उच्च जोखिमले गर्दा अस्पताल निर्माणको कार्यलाई समेत तत्काल हानि पुर्याउने देखिएको हुँदा सो पहिरो रोकथाम तथा क्षति न्यूनीकरणका लागि विपद व्यवस्थापन कोषबाट खर्च हुने गरि रु. १,०५,००,००० |- (अक्षरुपि एक करोड पाँच लाख रुपैयाँ मात्र ) बजेट उक्त पहिरो रोकथाम तथा क्षति न्यूनीकरणका लागि विनियोजन गर्न स्थानीय जलवायु अनुकूलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम अनुमोदन गर्ने निर्णय गरियो।

(ग) मनसुनजन्य विपद प्रभावित लाभग्राहीहरुको आवास पुननिर्माणका लागि प्राविधिक आवश्यक रहेको हुँदा भवन तथा नक्सा (Drawing) संग सम्बन्धित कार्य अनुभव भएको सिभिल ईन्जिनियर प्राविधिक मिति २०७९ असार मसान्तसम्मको लागि करारमा नियुक्ति गर्नका लागि स्थानीय जलवायु अनुकूलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम अनुमोदन गर्ने निर्णय गरियो।

(घ) मिति २०७८ साल असार १ गते र त्यसपछि आएको बाढीबाट मेलम्ची नगरपालिकामा रहेका विभिन्न बालीनाली, तरकारी, जग्गा, जमिन, गोठ लगायतका संरचनाहरुमा क्षति पुग्न गएको हुँदा मनसुनजन्य विपद प्रभावित निजि आवास पुन:निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ बमोजिम लाभग्राही कायम नभएका तथा यस अगाडी मेलम्ची नगरपालिकाबाट उपलब्ध गराइएको कुनै पनि राहत (नगद) नपाएका पिडित जग्गाधनीहरुलाई मेलम्ची बाढीपीडित राहत तथा पुन:स्थापना कोषबाट खर्च हुने गरी मेलम्ची बाढीपीडित राहत तथा पुन:स्थापना कोष (संचालन) कार्यविधि, २०७८ अनुसार 'घ' वर्गको लाभग्राही सरह जनही रु. १०,००० |– (अक्षरुपी दश हजार रुपैयाँ मात्र) उपलब्ध गराउने मिति २०७८ मंसिर २५ गतेको कार्यपालिका वैठकबाट निर्णय भई आएको हुँदा निम्न मापदण्ड पुगेका पिडित जग्गाधनी लाभग्राहीलाई मात्र उक्त राहत रकम उपलब्ध गराउन स्थानीय जलवायु अनुकूलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम अनुमोदन गर्ने निर्णय गरियो।

मापदण्डहरु:

१. जग्गाधनी लाभग्राही मेलम्ची नगरपालिकाको स्थायी बासिन्दा हुनु पर्ने।
२. नगरपालिका भन्दा बाहिरको पिडित जग्गाधनी लाभग्राहीको हकमा क्षति भएको जग्गा, जमिन ८ आना अथवा सो भन्दा बढी हुनु पर्ने तर मेलम्ची नगरपालिकाको स्थायी वासिन्दाको हकमा सो भन्दा कम जग्गा जमिन हुने पिडित जग्गाधनीलाई सो राहत रकम उपलब्ध गराउने।
३. जग्गाधनि पिडित लाभाग्राहि वा उक्त लाभग्राहिको परिवारलाई जग्गाधनी लालपुर्जाको आधारमा एकपटक मात्र रु. १०,००० ।– (अक्षरुपी दश हजार रुपैयाँ मात्र) उपलब्ध गराउने।
४. विभिन्न वडामा छुटाछुट्टै लालपुर्जा वा जग्गा भएका पिडित लाभग्राहिलाई दोहोरो नपर्ने गरि एक पटक मात्र उल्लेखित रकम बैक खाता मार्फत उपलब्ध गराइने छ।
५. उक्त राहत रकम उपलब्ध गराउन यस अघि संकलन गरिएको फाराम, नागरिकताको छाँयाकपि, लालपुर्जाको छायाँकपि तथा मालपोत कर तिरेको रसिद/ जग्गाको तिरो तिरेको रसिद अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने तथा अन्य आवश्यक कागजात प्रचलित कानुन बमोजिम उपलब्ध गराउनु पर्ने।

(ङ) मनसुनजन्य विपदबाट प्रभावित भई लाभग्राही कायम भएका पिडितहरुले संयुक्त रुपमा आवास निर्माण गर्दा उक्त आवास निर्माण स्थलसम्मको पहुँच मार्गको लागि मोटर बाटो निर्माण गर्नु परेमा उक्त मोटर बाटो निर्माणका लागि नगरपालिकाले प्राविधिक सहयोग (मेसिन उपलब्ध गराउने, लागत इस्टिमेट तयार गर्ने) तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउन नीतिगत निर्णयका लागि स्थानीय जलवायु अनुकूलन तथा विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएको हुँदा सिफारिस भई आए बमोजिम अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ३

नेपाल आदिवासी जनजाती महासंघले पेश गरेको प्रस्तावना पत्रमा यस नगरपालिका भित्र बसोबास गर्ने तामाङ, लामा, शेर्पा, दनुवार, मगर, गुरुङ, भुजेल, माझी लगायतका जनजातीहरुले प्रयोग गर्ने बाजा लगायत विभिन्न जातीय पोषाक खरिद गर्नको लागि बजेट माग भएको हुँदा प्रस्तावना पत्रमा माग भएका विभिन्न शिषर्कहरु मध्ये सबै जातजातीहरुले बजाउने बाजा खरिदको सम्बन्धमा आवश्यक अध्ययन गरी खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. ४

नेपाल आदिवासी जनजाती पत्रकार महासंघले जिल्लाका विभिन्न पालिकाहरुमा कार्यरत नयाँ तथा पुराना पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि पत्रकारिता तालिम संचालनको लागि बजेट माग गरेको हुँदा उक्त उक्त तालिम संचालनको लागि जनजाती लक्षित बजेट शिर्षकबाट खर्च हुने गरी रु. ५०,०००।– (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) बजेट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ५

समाज कल्याण संघ, सिन्धुपाल्चोकले काष्ठ फर्निचर तालिमको लागि पेश गरेको प्रस्तावना पत्रको सम्बन्धमा तालिममा सहभागी हुन चाहने नगरपालिका भित्रका ईच्छुक व्यक्तिहरुको विवरण अध्ययन गरी आगामी वैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

मेलम्ची नगरपालिका वडा नं. ९ स्थित ज्यामिरे साना किसान कृषि सहकारी संस्था लि.बाट निर्माण गर्न लागिएको कृषि संकलन केन्द्र भवन निर्माणको कार्य सम्पन्न नभएको हुँदा उक्त भवन निर्माणका लागि मिति २०७८ साल चैत्र मसान्तसम्म समय थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ :

मेलम्ची नगरपालिका वडा नं. ७ स्थित दुबाचौर स्वास्थ्य चौकीको पक्की भवन निर्माणका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ काठमाडौंमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

मेलम्ची नगरपालिकाको विशेष नगर सभा मिति २०७८ फागुन २७ गर्ने निर्णय गरिएकोमा विशेष कारणबस उक्त नगर सभा संचालन गर्न नसक्ने अवस्था सिर्जना भएको हुँदा मिति २०७८ साल चैत्र महिनाको दोश्रो हप्ता भित्र विशेष नगर सभा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

मेलम्ची नगरपालिका भित्र रहेका देहाय बमोजिमका योजनाहरु निर्माणका लागि बजेट विनियोजन गरिएकोमा उक्त योजनाहरु संशोधन गरी जिल्ला समन्वय समिति, सिन्धुपाल्चोकसंगको साझेदारीमा संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | हालको योजनाको विवरण | मेनपाबाट विनियोजित बजेट रु. | जि स स बाट विनियोजित बजेट रु. | कार्यान्वयन हुने जम्मा बजेट रु. |
|---|---|---|---|---|
| १ | बालसुधार मा.वि. भवन निर्माण , मेनपा ७ | ६०००००।– | ९०००००।– | १५०००००।– |
| २ | मेलम्ची बृहत खानेपानी योजना, मेनपा ११ | १००५४१०।– | ३०१६२२९।– | ४०२१६३९।– |

निर्णय नं. १०

मेलम्ची नगरपालिका वडा नं. ११ मा रहेको नगर अस्पतालको कोठा मर्मत संभार गर्न आवश्यक भएकोले प्राविधिक लागत इष्टिमेट बमोजिम मर्मत संभार विशेष कोषबाट खर्च हुने गरी मर्मत संभार गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

मेलम्ची नगरपालिका भित्रका देहाय बमोजिमका वडाहरुबाट योजना संशोधनका लागि माग भएको हुँदा माग भए बमोजिम देहाय बमोजिमका योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | हालको भएको योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| १ | सेतीका देवी मा.वि. घेराबार निर्माण, मेनपा १ | ७०००००।– | सेतीका देवी मा.वि. भवन मर्मत सुधार, मेनपा १ | ७०००००।– |
| २ | ज्येष्ठ नागरिक तथा सरोकारवाला बीच अन्तर्क्रिया कार्यक्रम | १०००००।– | ज्येष्ठ नागरिक सम्मान | १०००००।– |
| ३ | ज्येष्ठ नागरिक सञ्जाल वैठक तथा अन्तर्क्रिया | १५००००।– | ज्येष्ठ नागरिक सम्मान | १०००००।– |

निर्णय नं. १२

मेलम्ची नगरपालिका वडा नं. १३ स्थायी निवासी एकल महिला श्री निर्मला डोटेलको निजी घर मिति २०७८ साल भाद्र महिनामा आएको अविरल वर्षाको कारण जोखिमयुक्त अवस्थामा रहेको हुँदा उक्त जोखिमयुक्त घर संरक्षणको लागि विविध सार्वजनिक निर्माण शिर्षकबाट खर्च हुने गरी रु. १५००००।– (अक्षरुपी एक लाख पचास हजार रुपैयाँ मात्र) बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

मेलम्ची नगरपालिका भित्रका देहाय बमोजिमका योजनाहरु निर्माण गर्नका लागि बजेट माग भएको हुँदा विविध सार्वजनिक निर्माण शिर्षकबाट खर्च हुने गरि देहाय बमोजिमको बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | ठेगाना | विनियोजित बजेट रु. |
|---|---|---|---|
| १ | टार डाँडा सिंचाई ट्याङ्की निर्माण | मेनपा १३ | २०००००।– |
| २ | भुमेश्वरी महादेव मन्दिर निर्माण | मेनपा ११, नुवार | १५००००।– |

निर्णय नं. १४

मेलम्ची नगरपालिका वडा नं. ९ स्थायी निवासी श्री हरि शरण थापाले डब्ल्याङ सामुदायिक भवन निर्माण गर्नको लागि मेलम्ची नगरपालिका वडा नं. ९ (साविक ज्यामिरे गाविस) को निजको स्वामित्वमा रहेको कि.नं. २१६८ क्षे.फ. १–०–०–० मध्ये ०–२–२–० जग्गा निशुल्क रुपमा दिन ईच्छुक रहेको हुँदा उक्त जग्गा प्राप्त गर्नको लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १५

अपाङ्ग परिचयपत्र वितरण समितिको निर्णयबाट मेलम्ची नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुको लागि राष्ट्रिय अपाङ्ग महासंघबाट कफी खेती गर्नको लागि कफीका विरुवा उपलब्ध भएको र उक्त कफी खेती गर्नको लागि देहाय बमोजिमका सामाग्रीहरु आवश्यक पर्ने भएको हुँदा देहाय बमोजिमका अपाङ्गता भएका व्यक्तिहरुको लागि सामाग्री उपलब्ध गराउन सिफारिस भएको हुँदा सिफारिस भए बमोजिम मागमा आधारित लक्षित वर्ग शिर्षकमा रहेको रकम वाट खर्च हुने गरि सामाग्रीहरु उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| क्र.सं. | नाम, थर | वडा नं. | अपाङ्गता वर्ग | कफी खेती गरिएको संख्या | आवश्यक सामाग्री |
|---|---|---|---|---|---|
| १ | केदार खतिवडा | ५ | घ | २०० बोट | २०० मिटर पाइप र ५०० लि. ड्रम |
| २ | भरत खतिवडा | ५ | ग | २०० बोट | २०० मिटर पाइप र ५०० लि. ड्रम |
| ३ | सिरिमायाँ तामाङ | ५ | ग | २०० बोट | २०० मिटर पाइप र ५०० लि. ड्रम |
| ४ | राजन चौलागाईं | ५ | ख | २०० बोट | २०० मिटर पाइप र ५०० लि. ड्रम |
| ५ | पाल्तेन लामा | ५ | ग | २०० बोट | २०० मिटर पाइप र ५०० लि. ड्रम |
| ६ | सस्मिता तामाङ | ५ | ग | २०० बोट | २०० मिटर पाइप र ५०० लि. ड्रम |
| ७ | शम्भु प्रसाद चौलागाईं | ५ | ग | २०० बोट | २०० मिटर पाइप र ५०० लि. ड्रम |
| ८ | लाली तामाङ | ५ | ग | २०० बोट | २०० मिटर पाइप र ५०० लि. ड्रम |
| ९ | चेमो लामा | ६ | ग | २०० बोट | २०० मिटर पाइप र ५०० लि. ड्रम |
| १० | हुद्धराज सिग्देल | ६ | ग | २०० बोट | २०० मिटर पाइप र ५०० लि. ड्रम |
| ११ | तारा बहादुर सिग्देल | ६ | घ | २०० बोट | २०० मिटर पाइप र ५०० लि. ड्रम |

| क्र.सं. | नाम; थर | वडा नं. | अपाङ्गता वर्ग | कफी खेती गरिएको संख्या | आवश्यक सामाग्री |
|---|---|---|---|---|---|
| १२ | अमृत बहादुर सिग्देल | ६ | क | २०० बोट | २०० मिटर पाइप र ५०० लि. ड्रम |
| १३ | कृष्ण प्रसाद आचार्य | ६ | ग | २०० बोट | २०० मिटर पाइप र ५०० लि. ड्रम |
| १४ | सिता देउजा | ६ | ग | २०० बोट | २०० मिटर पाइप र ५०० लि. ड्रम |
| १५ | चन्द्र बहादुर माझी | १२ | | २०० बोट | २०० मिटर पाइप र ५०० लि. ड्रम |
| १६ | डिग बहादुर माझी | १२ | क | २०० बोट | २०० मिटर पाइप र ५०० लि. ड्रम |

निर्णय नं. १६

मेलम्ची नगरपालिकाको देहाय बमोजिमका शिर्षकमा विनियोजन भएको बजेट देहाय बमोजिमको शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | हालको बजेट शिर्षक | बजेट रकम रु. | रकमान्तर गर्नु पर्ने बजेट शिर्षक | बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | सार्वजनिक जग्गा संरक्षण | १५०००००।– | पानी बिजुली | ५०००००।– | रु. १५ लाख बजेट मध्ये पानी बिजुली मा ५ लाख र विविध शिर्षकमा ५ लाख गरी जम्मा १० लाख बजेट रकमान्तर गर्ने। |
| | | | विविध | ५०००००।– | |
| २ | भूमि बैंक | ५०००००।– | विविध | ५०००००।– | – |
| ३ | पदाधिकारी अन्य सुविधा | २००००००।– | विविध | ५०००००।– | रु. २० लाख मध्ये रु. ५ लाख बजेट रकमान्तर गर्ने। |
| ४ | भूमि समस्या समाधान कार्यक्रम | १००००००।– | विविध | १००००००।– | – |
| ५ | भ्रमण पदाधिकारी | २००००००।– | महिला | २५००००।– | रु. २० लाख मध्ये रु. २ |

| | | | | | |
|---|---|---|---|---|---|
| | वैदेशिक समेत | | जनप्रतिनिधि क्षमता अभिवृद्धि | | लाख ५० हजार बजेट रकमान्तर गर्ने। |
| जम्मा | | ७००००००।– | | ३२५००००।– | |

निर्णय नं. १७

राष्ट्रिय परिचय पत्र वितरण कार्यक्रममा संलग्न कर्मचारीहरुलाई यस नगरपालिका भित्रका वडाहरुमा कार्यक्रम संचालन भएको दिनमा अतिरिक्त समय काम गरे बापत राष्ट्रिय परिचय पत्र कार्यक्रमबाट पाउने सेवा सुविधा बाहेक देहाय बमोजिमको खाजा खाना खर्च रकम विविध शिर्षकबाट खर्च हुने गरी उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| क्र.सं. | विवरण | रकम प्रति कार्य दिन |
|---|---|---|
| १ | बुथ कर्मचारी (राष्ट्रिय परिचयपत्र कार्यक्रमबाट खटी आउने ) | ५००।– |
| २ | रुजु अधिकारी तथा दर्ता सहयोगी | १००।– |

निर्णय नं. १८

आर्थिक वर्ष २०७९/०८० मा संचालन हुने बागमती प्रदेश अन्तर्गत समपुरक तथा विशेष कार्यक्रमको लागि यस नगरपालिका भित्र देहाय बमोजिमका योजनाहरु संचालन गर्ने गरी प्रस्ताव पेश गर्ने तथा उक्त योजनाहरुको लागि आगामी नगर सभाबाट प्रस्तावित बजेटको श्रोत सूनिश्चितता गर्ने गरी सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

(क) समपूरक कार्यक्रम:

| क्र.सं. | योजनाको विवरण | प्रदेश सरकारबाट बेहोर्ने बजेट रु. | नगरपालिकाबाट बेहोर्ने बजेट रु. | जम्मा रु. |
|---|---|---|---|---|
| १ | ९ नं. वडा कार्यालय भवन निर्माण, मेनपा ९ | १५००००००।– | १५००००००।– | ३००००००००।– |
| २ | लहरेमाने चांखु पात्ले सडक स्तरोन्नती, मेनपा ९ | १५००००००।– | १५००००००।– | ३००००००००।– |
| ३ | १३ नं. स्वास्थ्य चौकी भवन निर्माण, मेनपा १३ | १००००००००।– | १००००००००।– | २००००००००।– |
| ४ | नेपाने पञ्चकन्या मानेभञ्ज्याङ सडक, कालोपत्रे, मेनपा ६ | १५००००००।– | १५००००००।– | ३००००००००।– |

| क्र.सं. | योजनाको विवरण | प्रदेश सरकारबाट बेहोर्ने बजेट रु. | नगरपालिकाबाट बेहोर्ने बजेट रु. | जम्मा रु. |
| --- | --- | --- | --- | --- |
| ५ | काउले दोभान पिप्ले सडक कालोपत्रे, मेनपा ४ | १२५०००००।– | १२५०००००।– | २५००००००।– |

(ख) विशेष अनुदान कार्यक्रम:

| क्र.सं. | योजनाको विवरण | प्रदेश सरकारबाट बेहोर्ने बजेट रु. |
| --- | --- | --- |
| १ | किबी कोल्ड स्टोर निर्माण, मेनपा ३ | १००००००००।– |
| २ | स्वास्थ्य चौकी भवन निर्माण, मेनपा ७ | १००००००००।– |
| ३ | काफ्ले खोला टापु फाँट सिंचाई योजना, मेनपा १० | १००००००००।– |

निर्णय नं. १९

मेलम्ची नगरपालिका भित्रका देहाय बमोजिमका योजनाहरु निर्माण गर्नको लाग बजेट माग भएको हुँदा नगर साझेदारी कोष (६०/४० प्रतिशत) बाट खर्च हुने गरी तपसिल अनुसार बजेट विनियजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | न.पा ले बेहोर्ने रकम रु. | उपभोक्ताले बेहोर्ने रकम रु. | जम्मा बजेट रु. |
| --- | --- | --- | --- | --- |
| १ | बाँसवारी सामुदायिक कृषि सहकारी संस्था लि. निर्माणाधिन भवनसम्म जाने बाटो निर्माण, मेनपा १२ | ३६००००।– | २४००००।– | ६०००००।– |
| २ | धन बहादुर बि.क को घर मुनीको पहिरो नियन्त्रण, मेनपा ११ | २७००००।– | १८००००।– | ४५००००।– |

२०७८/११/२६